गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्डः- ०७ संख्याः- ०६ मितिः- २०८०/०७/२१

भाग - १

# गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गोसाईकुण्ड गाउँपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

- यो कार्यविधिको नाम "**गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०**" रहेको छ ।
- यो कार्यविधि गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- **कार्यक्रमः-** भन्नाले गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रमलाई सम्झनु पर्दछ ।
- गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मानको लागि कृषकको न्यूनतम योग्यताः-
  भन्नाले यसै कार्यविधिको अनुसूचि १ मा उल्लेख भएको गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड जनाउँदछ ।
- **समितिः-** भन्नाले गोसाईकुण्ड गाउँपालिकामा रहेको कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन समितिलाई जनाउँदछ ।
- **कार्यालयः-** भन्नाले गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।
- **कृषकः** भन्नाले कृषि पेशामा आवद्ध किसानलाई सम्झनु पर्दछ ।
- **उत्कृष्ट कृषक** भन्नालेः- गोसाईकुण्ड गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यवसायिक रुपमा कृषि तथा पशु पालन गरेका प्राविधिक रुपमा कृषि व्यवसाय सञ्चालन गरेका, आफुले उत्पादन गरेर यस गाउँपालिका लगायत अन्य क्षेत्रमा समेत आफ्नो उत्पादित कृषि सामाग्री बिक्रि गरेका आफ्नो व्यवसायबाट अरु कृषकलाई रोजगार दिलाएका, स्थानीय श्रोत र साधनलाई बढी प्रयोग गरेका, गोठ सुधार गरेका, प्रविधि सम्बन्धी साधारण जानकार भएका, वडादेखि नै छनौट भएर आएका कृषकहरु सम्झनु पर्दछ ।

३. कार्यक्रम सञ्चालनको उद्देश्यः- यस कार्यविधि अनुसार कार्यक्रमको उद्धेश्य देहाय बमोजिम हुनेछः

- कृषकको योगदानलाई सम्मान गर्न ।
- कृषि पेशालाई समाजको आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने ।
- कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुर्याउन ।
- कृषकहरुको मनोवल उच्च राख्न सहयोग पुर्याउन ।
- शिक्षित युवालाई कृषि पेशा तर्फ आकर्षित गर्न सहयोग पुर्याउन ।

परिच्छेद- २

४. उत्कृष्ट कृषक छनौट विधिः-

- गोसाईकुण्ड गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यवसायिक रुपमा उत्कृष्ट कृषकहरु ( कृषि तथा पशुपालक) छनौट गर्नको लागि ६ वटै वडा कार्यालयमा पत्राचार गरी आ-आफ्नो वडा भित्र व्यवसायिक (उत्कृष्ट) रुपमा कृषि व्यवसाय सञ्चालन गर्ने कृषकहरुको नामावली गाउँपालिकामा पठाउन प्रत्येक बर्षको जेष्ठ मसान्त भित्र वडा कार्यालयमा पठाउन पत्राचार गरिनेछ ।
- वडाबाट सिफारिस भई आएको कृषकहरुको नामावली माथि गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिद्धारा अन्तिम नामावली प्रकाशन गर्नेछ ।

५. गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान छनौट समितिः- गोसाईकुण्ड गाउँपलिकामा उत्कृष्ट कृषक पुरस्कार छनौट समिति निम्न बमोजिम हुनेछ ।

- गाउँपालिका अध्यक्ष - संयोजक
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य
- पशु सेवा शाखा प्रमुख - सदस्य
- गाउँपालिकाको कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

६. समितिको काम, कर्तब्य र अधिकारः-

- म्याद भित्र वडाबाट आएका सिफारिसलाई मात्र मान्यता दिने ।
- वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरु मध्येबाट अनुसूझची १ मा भएका बाली तथा पशुपंछीलाई आधार मानेर समितिले छनौट गर्ने ।
- वडाबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरुलाई समितिले पुन अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरुलाई छनौट गर्नु पर्नेछ ।
- कृषि तर्फबाट ६ वटा बाली ( खाध्यन्न बाली, तेलहन बाली, तरकारी, फलफुल, च्याउ खेति र मौरी पालन) लाई छनौट गर्ने र पशुपंछी तर्फ पनि ६ वटा ( माछापालन, बाख्रा, बंगुर, गाई,चौरी गाई, भैसी, कुखुरा, हाँस पालन र घाँसखेति) गरी एक आ.व. मा १२ जना कृषक लाई पुरस्कृत गर्नेको लागि छनौट गर्ने ।
- एउटै व्यवसायिक कृषकले बाली तथा पशुपंछी पालन गरी दुईवटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउटा पक्षलाइ मात्र समितिले छनौट गर्ने ।

- छनौट भएका कृषकहरु सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय गोसाईकुण्ड गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिले तथ्यगत निर्णय गर्ने छ ।

७. विविधः

- गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालनको समन्वय गोसाईकुण्ड गाउँपालिका कृषि विकास शाखा तथा पशु सेवा शाखाले समन्वयकारी भुमिका निर्वाह गर्नेछ ।

अनुसूची- १

| क्र.स | बाली तथा पशुपंछीको नाम | क्षेत्रफल तथा संख्या( न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १. | खाद्यान्न बाली | १ रोपनी | |
| २. | तरकारी | १ रोपनी | |
| ३. | तेलहन | १ रोपनी | |
| ४. | फलफुल | १०० बोट | |
| ५. | मौरी | २० गोला सहितको घार | |
| ६. | च्याउ खेति | २ वटा टनेल | |
| ७. | माछापालन | ७ वटा पोखरी | |
| ८. | बाख्रापालन | २० वटा माउ बाख्रा | |
| ९. | बंगुर/ सुगुर पालन | ५ वटा माउ बंगुर/ सुगुर | |
| १०. | चौरी, गाई / भैसी पालन | १० माउ चौरी, गाई/ ५ माउ भैसी | |
| ११. | कुखुरा/हाँस पालन | २०० वटा भन्दा बढी | |
| १२. | घाँसखेति | ५ कठ्ठा | |

| | | | |
|---|---|---|---|
| १३. | आलु खेति | ३ रोपनी | |

माथि उल्लेखित अनुसूची अनुसार बाली तथा पशुपंछी पालन गरेका कृषकहरु मध्ये जम्मा १२ जना कृषकहरुलाई छनौट गरी सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

अनुसूची-२
(निवेदनको ढाँचा)

मितिः...............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोसाईकुण्ड गाउँपालिका स्याफ्रुवेंशी, रसुवा ।

विषयः गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा गोसाईकुण्ड गाउँपालिकाको आ.व २०८०/२०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा तथा पशु सेवा शाखाद्धारा सञ्चालन गरिने गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान प्रतियोगितामा मलाई सहभागी हुन ईच्छुक भएकोले मेरो विवरण सहितको फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु ।

निवेदक
नाम........................
दस्तखत.......................
ठेगाना.................
मोवाईल नं. ..............
समूह/सहकारी/फर्मको नाम..................

अनुसूची-३
(व्यक्तिगत विवरणको ढाँचा)

१. कार्यक्रममा सहभागी हुने समूह/सहकारी/कम्पनी र फर्मको नामः

२. कार्यक्रममा सहभागी हुने कृषकको नामः

३. सहभागीको स्थायी ठेगानाः

४. सहभागीको मोबाईल नं.

श्रोत साधनको विवरण

| क्र.स | विवरण | ईकाई | परिमाण |
|---|---|---|---|
| १. | कुल जग्गाको क्षेत्रफल ( ठेक्का लिएको जग्गा समेत) | | |
| क | कुल खेति गरिएको क्षेत्रफल | | |
| ख. | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| ग. | सिंचित जग्गाको क्षे.फ. | | |
| २. | सिंचाईको श्रोत | | |
| क. | कुलो | | |
| ग. | पोखरी | | |
| घ. | कृषि यन्त्र उपकरणहरुकको विवरण तथा आवश्यकता | | |

| | | | |
|---|---|---|---|
| | | | |

अनुसूची -४

खेति गरिएको बालिको क्षे.फ. र उत्पादन विवरणः

| क्र.स. | विवरण | ईकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली | | | |
| क. | धान | | | |
| ख. | मकै | | | |
| ग. | गहुँ | | | |
| २ | तेलहन बाली | | | |
| ३ | तरकारी बाली | | | |
| क. | बर्षे तरकारी | | | |
| ख. | हिँदे तरकारी | | | |
| ग. | बेमौसमी तरकारी | | | |
| ४ | फलफुल बाली | | | |
| क. | स्याउ | | | |
| ख. | किवी | | | |
| ग. | ओखर तथा अन्य फलफुल | | | |
| ५ | च्याउ खेति | | | |
| ६ | मौरी पालन | | | |
| ७ | आलु खेति | | | |

अनुसूची- ५
पशुपंछी पालन तर्फ

| क्र.स. | विवरण | ईकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १. | माछा पालन | | | |
| २. | ठुला पशु संख्या (गाई, गोरु, भौसी, राँगो आदि) | | | |
| ३. | साना पशु संख्या ( बाख्रा,बगुंर, सुगुर) | | | |
| ४. | हाँस, कुखुरापालन | | | |
| ५. | घाँस खेति | | | |
| ६. | दुध उत्पादन | | | |
| ७. | मासु उत्पादन | | | |
| ८. | अण्डा उत्पादन | | | |

अनुसूची- ६
सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषि ऋण श्रोत एंव पहुँच | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | बालि तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ३. | कार्यक्रम/ आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ४. | प्राविधिकसँगको सम्पर्क स्थिति | | | | |

८. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.स. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १. | खेति कार्यक्रम | | | |
| २. | पशुपालन कार्यक्रम | | | |
| ३. | प्रशोधन तथा बजारीकरण कार्यक्रम | | | |

९. कृषि व्यवसायमा लगानी स्थिति

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेति खर्च | | |
| २. | जम्मा पशुपालन खर्च | | |
| ३. | जम्मा कृषि ओजार उपकरण खरिद खर्च | | |
| ४. | अन्य खर्च | | |
| | कुल जम्मा | | |

१०. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिति

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | खेति कार्यबाट | | |
| २. | पशुपालनबाट | | |
| ३. | कृषि उपजको बजारीकरणवाट | | |
| ४. | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

११. निम्न विषयमा सहभागी कृषक दक्षताः-

१. उन्नत प्रविधि उपयोग तथा अनुसरण (भएको/ नभएको)

२. श्रोत साधनको अधिकतम सदुपयोग ( गरेको/ नगरेको)

३. प्राविधिक विस्तारमा योगदान ( भएको वा नभएको)

४. रोगकिरा नियन्त्रण प्रविधिको उपयोग ( भएको वा नभएको)

५. भकारो एवम् गोठ सुधार ( गरेको वा नगरेको)

६. उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्याबस्थापन ( गरेको वा नगरेको)

७. कुनै किसिमको पुरस्कार एवम् प्रशंसा पत्र पाएको ( पाएको वा नपाएको)

८. स्थानीय स्तरमा आफ्नो अनुभवको आदान प्रदान( गरेको वा नगरेको)

९. नयाँ कृषि प्रविधिको विकास

१०.खेति प्रणालीमा अपानाईएको नयाँ प्रविधिहरुको विवरण

११.कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना ( कुनै भएमा)

१२.कृषि व्यावसाय एवम् प्रविधिहरुको विस्तृतीकरण ( कुनै भएमा)

अनुसूची-७

गाउँपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मानको लागि कृषकले पेश गरेको निवेदन फारमको मुल्याङ्कनको आधारहरुः-

| क्र.स. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्तङ्क अंक |
|---|---|---|---|
| १. | श्रोत साधनको स्थिती एवम् सदुपयोग | १० | |
| २. | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एवम् योगदान | २० | |
| ३. | उत्पादन स्थिति/ उत्पादकत्व | १५ | |
| ४. | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५. | रोजगारी सृजनाको स्थिति | १० | |
| ६. | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | ५ | |
| ७. | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवम् प्रतिफल स्थिति | १० | |
| ८. | कृषि तथा पशु सेवा शाखा र प्राविधिक सँगको सम्पर्क स्थिति | ५ | |
| ९. | प्राविधिक ज्ञान सीप बारे जानकारी एवम् प्रयोगको स्थिति | १० | |
| १० | कृषि व्यावसायको दोगोपनाको स्थिति | १० | |

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत